# धनगढी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

धनगढी, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं : २०७६/०७७

च.नं. : १६८९

मिति:२०७६।०७।२६

**विषय : कागजातहरुमा आदेश गर्ने लगायतका बिषयमा अख्तियारी प्रदान सम्बन्धमा ।**

**श्री सबै शाखा/महाशाखा प्रमुखहरु र वडा कार्यालय प्रमुख (वडा सचिव) हरु,**
**वडा स्थित स्वास्थ्य प्रवर्द्धन केन्द्र लगायत, नगर स्वास्थ्य चौकीहरु, आयुर्वेद कार्यालयहरु,**
**धनगढी उप.म.न.पा.को कार्यालय, धनगढी, कैलाली ।**

उल्लिखित सम्बन्धमा यस धनगढी उप-महानगरपालिका धनगढी नगर कार्यपालिकाको कार्यालय र मातहत कार्यालयका शाखा/महाशाखा/इकाईहरुबाट सम्पादन हुने दैनिक प्रशासनिक र सेवा प्रवाह, व्यवस्थापकीय कार्य सम्पादनको लागि आर्थिक कारोबार बाहेक अरु संपूर्ण चिट्ठीपत्रहरुमा तोक आदेश गर्ने , मातहतका कर्मचारीहरुको छ दिन सम्मको क्या.वि. र पर्व विदा स्वीकृत गर्ने अख्तियारी सुम्पेकोछु । कार्य सम्पादनको सिलसिलामा द्विविधा परेमा र निकाश लिन परेमा प्रमुख प्रशासकीय अधिकृतसंग समन्वय गरी कार्य सम्पादन गर्नु हुन समेत जानकारी गराएको छु । साथै यस पूर्व तोकिए बाहेक रु.पाँच लाख सम्मका लक्षित कार्यक्रम संचालनको लागि दुई पक्ष बीच सम्झौता गर्दा समेत कार्यालयको तर्फबाट आ-आफ्नो शाखासंग सम्बन्धित कार्यक्रमको सम्झौता गर्न हुन समेत अख्तियारी प्रदान गरेको छु ।

याहाँहरुबाट तोकिएको जिम्मेवारी इमानदारी र निष्ठापूर्वक सम्पन्न हुने छ भन्ने तथ्यमा पूर्ण अपेक्षा गरेको छु ।

२०७६।०७।२६
...........................
नारायण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:**

श्री प्रशासन शाखा प्रमुख (सामान्य प्रशासन तथा जनशक्ति विकाश/व्यवस्थापन)

सामान्य प्रशासन शाखा :- साना तिना आर्थिक सहयोगको लागी प्रमुख प्रशासकीय अधिकृतको आदेश कुरी रहनु परेको देखिएकोले , नगर प्रमुखबाट रु दुई.हजार सम्मका आर्थिक सहयोगको लागि सानो नगदी कोष ( Pity Cash ) बाट भुक्तानी दिन आर्थिक सहयोग लेख्दा नगद भुक्तानी गर्न सानो नगदी कोषको जिम्मेवारी यस शाखाका प्रमुखलाई तोकेको छु । इमानदारीपूर्वक जिम्मेवारी पुरा गर्नु हुन जानकारी गराएको छु ।

श्री लेखा (आर्थिक प्रशासन शाखा ) :- जानकारीको लागि ।

**जानकारीको लागि :**

श्री नगर प्रमुख ज्यूको सचिवालय
श्री नगर उप-प्रमुख ज्यूको सचिवालय
धनगढी उ.म.न.पा.को कार्यालय, धनगढी, कैलाली ।